# नलगाड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

## सवारी साधन तथा मेशिन खरिद सम्वन्धी सिलवन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७५।०९।०६ गते)

१. यस कार्यालयलाई आवश्यक 4WD Double Cab Pickup, Backhoe Loader र Ambulance सप्लाई गर्न ईच्छुक उत्पादक कम्पनीको नेपालमा रहेको आधिकारीक विक्रेता (Importer) ले मात्र तथा Motorcycle को हकमा नेपालमा रहेको आधिकारीक विक्रेता (Importer) वा स्थानिय विक्रेता (Local Agent) ले देहाय बमोजिमका शर्तहरुको अधिनमा रहि रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

२. सूचना प्रकाशित भएको मितिदेखि ३० औ दिनसम्म कार्यालय समयभित्र बोलपत्रदाताले अध्यावधिक गरेको फर्म, कम्पनी वा संस्था दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको ईजाजतपत्र, मूल्य अभिवृद्धि कर (VAT) मा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्वर (PAN) को प्रमाणपत्र, आ.व. २०७४।०७५ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र वा आ.व. २०७४।०७५ को कर/आय विवरण पेश गरेको प्रमाणपत्र, उत्पादक कम्पनीबाट नेपालमा रहेको आधिकारीक विक्रेता (Importer) लाई यस कार्यालयमा बोलपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरेको Manufacturer's Authorization Letter (तोकिएको ढाँचा अनुसार) र स्थानिय विक्रेता को हकमा नेपालमा रहेको आधिकारीक विक्रेता Importer ले बोलपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरेको पत्र साथै अन्य तोकिए बमोजिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु निवेदन साथ पेश गरि नियमानुसार लाग्ने राजस्व दस्तुर यस कार्यालयको एन.आई.सी. एसिया बैंक शाखा कार्यालय दल्ली बजार, जाजरकोटमा रहेको संचित कोष खाता नं. N5CA052239552401 मा दाखिला गरेको (फिर्ता नहुने) सक्कल भौचर बुझाई बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराईने छ।

३. खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु बोलपत्रदाताले स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप गरि सूचना प्रकाशित भएको मितिदेखी ३१ औ दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गरिसक्नु पर्नेछ।

४. बोलपत्र दाखिला गर्दा जमानत वापतको रकम यस कार्यालयको एन.आइ.सी. एसिया बैंक शाखा कार्यालय दल्ली बजार, जाजरकोटमा रहेको धरौटी खाता नं. N5CA052239552402 मा दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन म्याद भएको बैंक जमानीपत्र Unconditional Bid Bond बोलपत्र साथ पेश गर्नुपर्नेछ। यसरी पेश गरिने जमानत वापतको बैंक भौचर, रसिद वा बैंक जमानीपत्र यो सूचना प्रकाशित भएको मिति पछीको हुनुपर्नेछ। बैंक जमानीपत्रको म्याद बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखी हुनुपर्नेछ।

५. दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारमहरु यस कार्यालयमा बोलपत्र दाखिला गर्ने अन्तिम दिन १:०० बजे बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर बोलपत्रदाताहरु तथा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र फारम खरिद गर्ने तथा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछन्।

६. रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कार्वाही गरिने छैन।

७. दर्ता हुन आएका बोलपत्रहरु स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन्।

९. अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन समेत) अनुसार साथै नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन्।

१०. अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालय समयभित्र मोबाईल न. ९७५८००३५०१,९७५८००३०२९ मा सम्पर्क गर्न सकिने छ।

| ठेक्का | आवश्यक मालसामान | विवरण | आवश्यक संख्या | फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|---|
| NMJ/NCB/GOODS/01/2075/076 | Double Cab Pickup | 4 WD,RHD Double Cab Pickup, Engine Power Output Not Les than 100 KW & others are as per approved technical specification. | थान १ (एक) | ३,०००/- | कबोल अंकको कम्तिमा २.५० प्रतिशत |

२/३/५६

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| NMJ/NCB/GOODS/02/2075/076 | Backhoe Loader | AWD, Backhoe Loder, Max . Engine Power output not less than 90 BHP, Max. Torque not less than 300 Nm@governed RPM & others are as per approved technical specification. | थान १ (एक) | ३,०००/- | कबोल अंकको कम्तिमा २.५० प्रतिशत |
| NMJ/NCB/GOODS/03/2075/076 | Motorcycle | Motorcycle, Engine Displacement Not Less than 148 CC & Others are as per approved technical Specification. | थान १० (दश) | ३,०००/- | कबोल अंकको कम्तिमा २.५० प्रतिशत |
| NMJ/NCB/GOODS/04/2075/076 | Ambulance | RHD/4WD Hardtop Jeep type Ambulance, Enginge Max. Power output not less than 60 BHP & Max Torque Not less than 110 Nn@ governed rpm. Ground Clearance Minimum 180 mm. Others are as per approved technical specification. | थान १ (एक) | ३,०००/- | कबोल अंकको कम्तिमा २.५० प्रतिशत |

प्रमुख प्रशासकीय अधिकृत
सिंह
नि. प्रमुख प्र.प्र. अधिकृत

Scanned by CamScanner